# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०७ संख्या:१३ मिति:२०८१/०३/१७

भाग १

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालय

## बन्दीपुर गाउँपालिकाको विनियोजन ऐन, २०८१

# बन्दीपुर गाउँपालिकाको विनियोजन ऐन, २०८१

**बन्दीपुर** गाउँ पालिकाको आर्थिक बर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०८१।०३।१६

**प्रस्तावना:**

गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२)बमोजिम बन्दीपुर गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्तनाम र प्रारम्भः

(१) यस ऐनको नाम “ बन्दीपुर गाउँपालिकाको विनियोजन ऐन, २०८१” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८१।०८२को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५४,४५,४४,००१। (अक्षेरुपी चौवन्न करोड पैतालिस लाख चौवालिस हजार एक रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः

(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।०८२ को निमित्त बन्दीपुर गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसूची १**

**(दफा २ संग सम्बन्धीत)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संचित कोषबाट विनियोजन हुने रकम**

**रु हजारमा**

| क्र. सं | शीर्षक नाम | चालु खर्च | पूजिँगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका | २८०,७३०,९९९.०० | १०१,२२६,७०१.०० | - | ३८१,९५७,७००.०० |
| २ | वडा समिति | ४,२००,०००.०० | २७,४००,०००.०० | - | ३१,६००,०००.०० |
| ३ | विषयगत शाखा | ३५,२००,००१.०० | ९५,७८६,३००.०० | - | |
| ४ | ऋणको साँवा ब्याज भुक्तानी | - | - | - | |
| ५ | लगानी(शेयर/ऋण) | - | - | - | |
| | जम्मा | ३२०,१३१,०००.०० | २२४,४१३,००१.०० | - | ५४४,५४४,००१.०० |

<u>**आज्ञाले**</u>

**नामः यादवराज आचार्य**

**प्रमुख प्रशासकीय अधिकृत**